त्रैमासिक बुलेटिन

भूमि अधिकार

बर्ष २, पूर्णाङ्क ४, मार्च २००४

सामाजिक न्याय र समुन्नतिको लागि भूमि अधिकार

हाम्रो भनाई

जमिन्दार पोस्ने योजनाको विरोध गरौं

सामन्ती भूस्वामित्वको अन्त्य गरी जोताहालाई भूमिको वास्तविक मालिक बनाउनुपर्ने आवाज चर्किदै जाँदा सरकारले आँखामा छारो हाल्नेगरी भूमि बैंकको योजना अगाडि सारेको छ । जसमा जमिन्दारबाट जमिन किनी सुदुरपश्चिम र मध्यपश्चिमका २५ हजार भूमिहीनलाई जग्गा उपलब्ध गराईने उल्लेख छ ।

०५८ सालको जनगणनाले सुदुर र मध्य पश्चिममा ७५ हजार परिवार भूमिहीन भएको देखाएको छ । तर त्यहाँ भूमिहीनहरूको संख्या यो भन्दा धेरै भएको अनुमान छ । अनुमानित एकलाख हलियामध्ये अधिकाँश यही क्षेत्रका हुन् जोसँग एक टुक्रा पनि खेतीयोग्य जमिन छैन । देशभरका १० लाख २० हजार भन्दा बढी कृषिमा आश्रित भूमिहीन परिवारहरूले जग्गा पाउने वैज्ञानिक प्रक्रिया के हुनसक्छ ? यो भने सरकारले सोचेको छैन ।

अहिले राज्यकोषबाट दुईअर्ब १० करोड रूपैया खर्च गरेर सुदुर र मध्यपश्चिमका जमिन्दारसँग जमिन किन्न खोजिएको छ, संभवत समग्र 'भूमिसुधार' गर्ने सरकारी कार्यक्रम यही हुनसक्छ । तर यो कार्यक्रम भूमिहीनलाई भूमिमालिक बनाउने होइन, भूमिमालिकलाई आफूले उत्पादन खान नसकेको जमिनबाट सःशुल्क उन्मुक्ति दिने योजना अन्तर्गत आएको छ । उत्पादन खान नसकेको जमिन जमिन्दारले खुरूक्क बेच्ने छन् तर भूमिहीनले जति नै किस्ताको सुविधा दिए पनि जमिन किन्ने हैसियत राख्न सक्दैन् । यसैले राज्यकोषबाट जमिन्दार पोस्ने यो योजनाको विरोध हुनु अस्वाभाविक होइन ।

पुस्तौंदेखि श्रम गरिआएको जमिनमा विनासर्त अधिकार स्थापित गर्नु नै भूमिहीनहरूलाई भूमिमालिक बनाउने वैज्ञानिक विधि हो । त्यसका लागि सामन्ती भूस्वामित्वको अन्त्य गर्नैपर्छ । तर जमिन्दारसँग जमिन किनेर सामन्ति भूस्वामित्वको अन्त्य हुनसक्दैन । न्यूनतम हदबन्दी कायम गर्ने, विभिन्न बहानामा बाँझो राखिएका सम्पूर्ण जग्गाहरू जफत गरी उपयोगमा ल्याउने, भू-उपयोगका निम्ति वैज्ञानिक नीति तय गर्ने, चक्लाबन्दी गर्ने, किसानको नियन्त्रणमा रहेको गुठी जग्गा रैकरमा परिणत गर्ने, लामो समयदेखि जोतभोग गर्दै आएका कमैया, हलिया तथा किसानको नाममा जग्गा दर्ता गरी उनीहरूलाई मोहियानी हक दिने जस्ता क्रान्तिकारी भूमिसुधारका सवालहरू सामान्ती भू-स्वामित्वको अन्त्य गर्ने प्राथमिक सवालहरू हुन् । यी कार्यक्रमहरू कडाईका साथ लागू गर्ने हो भने न त जमिनदारहरूलाई पोस्नु नै आवश्यक छ, न त भूमिहीनहरूलाई बेच्नु नै आवश्यक छ । यसबाट जमिनमा आश्रित तर भूमिहीन किसानहरू सजिलै भूमिको मालिक बन्न सक्नेछन् । तर प्रस्तावित भूमि बैंक अवधारणाले यी कुनै पक्षहरूलाई छुँदैन । हो, राज्य नियन्त्रणमा रहेका, अलपत्र परेका, उपयोग नभएका, हदबन्दीबाट बढी भएका, राज्यलाई बेच्नको लागि प्रस्ताव गरिएका जमिनहरूको सुव्यवस्थित वितरण गर्न भूमि बैंकको स्थापना हुनसक्छ तर जमिनदारको जमिन किन्ने एकाङ्गी योजना अन्तर्गत आएको यो अवधारणाको कुनै अर्थ छैन ।

हरेक पटक "भूमिसुधार गर्ने" सरकारी प्रतिवद्धताहरू पानीको फोका बन्ने गरेका छन् । द्वैध स्वामित्वको अन्त्य गर्ने नाममा ०५३ सालमा साढे चारलाख भन्दा बढी मोहीहरूलाई जमिनमाथिको अधिकारबाट बेदखल गरियो भने ०५८ मा हदबन्दी घटाउने नाममा एक परिवारले ३३ विगाहासम्म जमिन राख्न पाउने घुमाउरो व्यवस्था गरियो । अहिले त झन् सिंधासिधै जमिन्दारसँग जमिन किन्ने घोषणा गरिएको छ । श्रम नगर्नेसँग जमिन किन्ने होइन, हदबन्दी तोकेर राज्यले जमिन लिनुपर्छ र भूमिहीन सुकुम्बासीहरूलाई वैज्ञानिक पद्दतिबाट त्यो जमिन बाँड्नुपर्छ । अन्यथा प्रस्तावित भूमिबैंकबाट भूमिसुधार हुन्छ भन्नु एक आत्मरति मात्र हो । जमिनदारपक्षीय यो योजनाको डटेर विरोध गरौं ।

यस अंकमा

पूरा होला गुठी किसानमा पलाएको आशा? ३
भूमि बैंकः भूमीपतिका लागि ५
जग्गा बाँडफाँड गर्ने म्याद थप ७
सरकारको भूमि बैंक योजनाबारे को के भन्छन् ? ८
मोहीयानी हकले ल्याएको खुसी ९
अभियान क्रियाकलाप १०
बर्दिवासका भूमिहिनको पीडा राज्यले सुनेन, सुन्ने कसले ? १२
बैतडीको हलिया प्रथाः विकल्प के? १२
जमिनको कुरा त कसैले गरेन १३
रामभुपडीभित्रको रामकहानी १४
पत्रपत्रिकामा भूमिसुधार १५

अनुरोध

यो पत्रिका त्रैमासिक रूपमा प्रकाशन गरिनेछ । भूमि अधिकारसँग सम्बन्धित लेख, घटना र समस्याका साथै सल्लाह, सुझावहरू पठाई सहयोग गर्नुहुन हामी सबै महानुभावमा हार्दिक अनुरोध गर्दछौं ।

पूरा होला गुठी किसानमा पलाएको आशा

सिन्धुपाल्चोकका किसानले आफ्नो गास काटेर गुठी संस्थान र पुजारीलाई वर्षेनी कुत बुझउँछन् । तर त्यस्तो कुत कहाँ र कसरी खर्च हुन्छ, कुन मन्दिरको जीर्णोदारमा लगाइन्छ वा कुन जात्रामात्रा चलाइन्छ भन्ने वास्तविक श्रमिक किसानलाई कुनै जानकारी हुँदैन ।

● जगत देउजा

वर्षभरि जमिनमा घोटिन्छु तर फलेको धान जिन्दगी खेतमा पाइला नटेक्ने पुजारीलाई दिनुपर्छ यसरी बुझाएको अन्न कहाँ के कुरामा कसरी खर्च हुन्छ त्यो पनि थाहा छैन । यो अन्याय कति सहेर बस्नु ? के हामीलाई आफ्नै जग्गाको हक छैन ? जमिनमा श्रम गर्नेको हक नहुने कस्तो विडम्बना ? यिनै प्रश्नको उत्तर खोज्ने क्रममा महांकाल गाउँ विकास समिति वडा नं ९ सिन्धुपाल्चोकका घमलाल लामिछाने ७ वर्षदेखि निरन्तर भूमि अधिकार अभियानमा जुटिरहेका छन् । उनको यो लडाई जारी छ तर कहिले हक पाउने हो भन्नेचाहिँ उनले अझै थाहा पाउन सकेका छैनन् ।

यस्तै लडाइँमा लागेका इचोकका पुण्यप्रसाद गुरागाईं गएको साल बिते । आफ्नै नाममा भएको जमिनमा मर्ने उनको इच्छा पूरा हुन सकेन । उनी बाल्यकालदेखि नै पुजारीको विभिन्न शोषण खप्दै आएका थिए, जमिनमा आफ्नै हक नहुँदासम्म शोषण कम हुन नसक्ने उनको भोगाई थियो । तर पनि उनको इच्छा भने अधुरै रह्यो ।

सिन्धुपाल्चोकस्थित ६०,४५८ मध्ये करिब २७ हजार घरपरिवार गुठीको जमिनमा खेतीपाती गर्छन् । पहाडी जिल्लामा गुठीसम्बन्धी चर्को समस्या भएको जिल्लामध्ये सिन्धुपाल्चोक पनि एक हो । यहाँको ६७,१२९ रोपनी जग्गा विभिन्न गुठीका नाममा रहेका छन् । यकिन विवरण त छैन तर यहाँ ६४ प्रकारका गुठी रहेको पाइएको छ । सिन्धुपाल्चोकका किसानले आफ्नो गास काटेर गुठी संस्थान र पुजारीलाई वर्षेनी कुत बुझाउँछन् । तर त्यस्तो कुत कहाँ र कसरी खर्च हुन्छ, कुन मन्दिरको जीर्णोदारमा लगाइन्छ वा कुन जात्रामात्रा चलाइन्छ भन्ने वास्तविक श्रमिक किसानलाई कुनै जानकारी हुँदैन । उनीहरुलाई केवल आफूले वर्ष दिन श्रम गरेर उत्पादित अन्न सर्लक्क भरेर बुझाउने चिन्ता मात्र थाहा हुन्छ ।

गुठी जग्गामा किसान अधिकारको सवाल उठाउँदा धेरैले रीतिरिवाज, धर्म, संस्कृति लोप जस्ता विषयसँग मात्र जोडेर हेर्छन् । गुठी जग्गामा कसले श्रम गरिरहेछ ? त्यसको उत्पादन कसले खाइरहेछ ? त्यसमा वास्तविक जोताहाको स्वामित्व नहुँदा परेका अप्ठ्यारा के के हुन् ? किन यो सामाजिक तथा आर्थिक समुन्नतीको मूल बाधक बनिरहेको छ भन्ने सवालमा धेरैले विचार पुऱ्याएको पाईदैन ।

आफूले जोतिरहेको जग्गामा आफ्नै स्वामित्व नहुँदा जोताहा किसानलाई आफ्नो परिवार पाल्ने पिरलो त छँदैछ । त्यससँग जोडिएका अनगिन्ति अवसरबाट पनि उनीहरु वञ्चित छन् । उनीहरुको शिक्षा, स्वास्थ्य, सरकारी सहुलियत आदिमा राम्रो पहुँच पुगेको छैन । सामाजिकरुपमा विभिन्न अन्याय पनि जमिन नभएकै कारणले भोग्नु परिरहेको छ ।

यस्तो शोषण र अन्यायबाट मुक्ति पाउन सिन्धुपाल्चोकका जोताहा किसान आफूले श्रम गरिरहेको जमिनमा न्यायोचित हकका लागि संगठित रुपमा एक दशकदेखि लड्दै आइरहेका छन् । व्यक्तिगत र सानो समूहमा त भूमि अधिकारको खोजी गरेको दशकौं बितिसकेको छ ।

हजारौं जोताहा किसानले मोहियानी कायम तथा जग्गा दर्ताका

लागि जिल्ला मालपोत कार्यालयमा निवेदन पेश गरेको वर्षौं बितेको छ । तर जिल्लास्थित कार्यालयले भने नापीको समयमा जग्गाधनी महलमा सम्बन्धित गुठीको नाउँ उल्लेख भै मोही महल खालि रही विरह तथा किसिम कायम भएको, फिल्ड बुकमा मोही उल्लेख नभएको, ४ नं. अस्थायी निस्सा तथा ७ नं. फाँटबारी नभएको, प्रारम्भिक तेरिजमा नाम नभएको, गुठीको नाम उल्लेख नभई गुठी भन्ने मात्र लेखी गुठी स्पष्ट नभएको, गुठी रैकर विवादले दर्ता हुन नसकेको, सार्विक कुत खलाको के कति जग्गा के आधारमा भिड्ने हो, सो एकिन हुन नसकेको जस्ता समस्या देखाएर जोताहालाई हकबाट वञ्चित गराइरहेको थियो ।

तर यस्ता समस्या तेर्स्याएर हकबाट वञ्चित गर्न नहुने अडानका साथ किसानले समस्या समाधानका लागि विभिन्न दबावमूलक कार्यक्रम संचालन गरे । जिल्लामा किसान प्रदर्शन, ञ्याली, जिल्ला तहदेखि मन्त्रालय तहसम्मका दर्जनौं डेलिगेशन तथा सवाललाई सञ्चार माध्यमको सहयोगमा राष्ट्रियकरण गरियो । यसबीचमा जोताहा किसानले गरेको संघर्षको कथा निकै लामो छ । कयौं पटक फाइलहरु लुकाएर समस्या समाधान नगर्ने खेलसमेत

लामो, निरन्तर र बलियो संघर्षका कारण ढिलै भए पनि २०६० साल माघ २६ गते श्री ५ को सरकार मन्त्रिपरिषद्को बैठकले बढी समस्या भएको १८ गाविसको गुठी, जग्गा दर्ता र ब्लक नापीसम्बन्धी समस्या समाधान गरिदिन मालपोत ऐनको खण्ड ७ को क बमोजिमको समिति गठन गरी ६ महिनाभित्रमा काम सम्पन्न गर्न निर्णय गरी आवश्यक निर्देशन दिएको छ ।

नखेलिएको होइन । तर लामो, निरन्तर र बलियो संघर्षका कारण ढिलै भए पनि २०६० साल माघ २६ गते श्री ५ को सरकार मन्त्रिपरिषद्को बैठकले बढी समस्या भएको १८ गाविसको गुठी, जग्गा दर्ता र ब्लक नापीसम्बन्धी समस्या समाधान गरिदिन मालपोत ऐनको खण्ड ७ को क बमोजिमको समिति गठन गरी ६ महिनाभित्रमा काम सम्पन्न गर्न निर्णय गरी आवश्यक निर्देशन दिएको छ । यस समितिले हेलम्बू, किउल, इचोक, महांकाल, मेलम्ची, सिन्धुकोट, ज्यामिरे, नलवपुर, बतासे, तौथली, फुल्पिङकोट, राम्चे, ठोकर्पालगायत्का गुठी जग्गामा मोहीयानी दर्ता, रैकर र गुठीको जग्गामा भएको विवादको छिनोफानो गर्ने, जग्गा दर्ता, ब्लक नापीलाई भोगअनुसार नाप गर्ने जस्ता समस्याको छिनोफानो गर्न सक्दछ ।

'व्यवहारमा हक दिने काम नभएमा हाम्रो संघर्षले नयाँ रूप लिनसक्छ'- अहिले त्यहाँका पीडित किसान भनिरहेका छन् । समिति बारम्बार गठन हुने तर त्यसका सुझाव र निर्णय कार्यान्वयन नहुने अवस्थाले भने यहाँका किसान पनि बेलाबेला झस्किने गरेका छन् ।

यस कार्यका लागि आवश्यक १ लाख ७० हजार बजेटसमेत निकासा भएको छ । यसअघि किसानकै दबावमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति ०५९/३/१९ को आदेशानुसार जिल्लाका गुठी जग्गाको समस्या समाधानार्थ गुठी संस्थानको द्वितीय श्रेणीका अधिकृत कर्मचारीको संयोजकत्वमा एक आयोग बनाइएको थियो । समितिले स्थलगत अध्ययन र प्राप्त निवेदनका आधारमा छानविन गरी जोताहा किसानलाई मोहियानी हक दिनुपर्ने प्रतिवेदन पेश गरेको थियो ।

अब नीतिगत निर्णयपछि यसलाई व्यवहारमा के कसरी उतारिन्छ यो मूल सवाल बनिरहेको छ । यस अभियानमा लामो समयदेखि क्रियाशील किसान नेता सोमप्रसाद भण्डारी पहिले पेश भएका निवेदनमाथि तत्काल कारबाही अगाडि बढाउने र अन्यलाई आवश्यक प्रक्रिया अगाडि बढाउन सूचित गर्ने काम तत्काल शुरु गर्नुपर्ने धारणा राख्नुहुन्छ । 'व्यवहारमा हक दिने काम नभएमा हाम्रो संघर्षले नयाँ रुप लिनसक्छ'- अहिले त्यहाँका पीडित किसान भनिरहेका छन् । समिति बारम्बार गठन हुने तर त्यसका सुझाव र निर्णय कार्यान्वयन नहुने अवस्थाले भने यहाँका किसान पनि बेलाबेला झस्किने गरेका छन् । त्यसैले अहिले उनीहरु धिरताका साथ सरकारी निर्णय पालना हुने/नहुनेबारे आफैं अनुगमन गरिरहेका छन् र सोचिरहेका छन् कि यो कार्यान्वयन भएन भने संघर्ष कसरी अघि बढाउनुपर्ला ? तर फेरि संघर्ष गर्ने रहर भने आफूहरुलाई नभएको कृषक भण्डारीको भनाइ छ । ■

साभार : भूमि अधिकार लेखमाला

भूमि बैंक : भूमीपतिका लागि

• जगत बस्नेत

भूमिसम्बन्धी चौथो संसोधनले मोहियानी हक लागेको जग्गामा आधा मोहीले पाउने विधेयक ल्याएपछि साहुहरुले त्यसका विरुद्धमा चर्को विरोध र सर्वोच्चमा मुद्धा हालेका थिए । तर किन बेदर्तावाल मोहीलाई अन्याय भयो भनेर मुद्धा हालिएन ? त्यसको विरोधमा राजनैतिक पार्टीका भातृ संगठनहरु किन विरोधमा उत्रिएनन् ? यसका पछाडि कि त किसान संगठनहरुका पदाधिकारीहरु जमिनदारका पक्षमा थिए कि त किसानका नेता नै थिएनन् ।

जमिन हुनु वा नहुनु व्यक्तिको व्यक्तिगत ईच्छा, रहर वा आकाँक्षा नभएर सामाजिक संरचनागत सवाल हो । किनभने आजपनि जातीय हिसावले कथित माथिल्लो जात, वर्गीय हिसावले जमिनदार वा धनी र लिंगीय हिसावले पुरुषहरुको पहुँच र स्वामित्वमा जमिन छ । यसको पहुँच र स्वामित्वबाट बन्चित भनेको जातीय हिसावले दलित, जनजातिहरु, वर्गीय हिसावले गरिवहरु र लिंगीय हिसावले महिलाहरु नै हुन् । राज्यको सामाजिक संरचनाले नै गरिवलाई झन गरिव र धनीलाई झन धनी बनाउँदै लगेको छ । उदाहरणका लागि २०४८ सालमा ५ लाख भन्दा कम संख्यामा रहेको सुकुम्बासी संख्या २०५८ सालमा १० लाख ३७ हजार पुग्नुले पनि यो कुरालाई पुष्टि गर्दछ । यसैगरी अरुको जग्गा कमाएर दर्तावाल र बेदर्तावाल मोहीको संख्यालाई जोड्ने हो भने झण्डै ७ लाख हुनसक्ने विभिन्न प्रतिवेदनले देखाएका छन् । कोही पनि व्यक्तिले सुकुम्बासी र मोही भएर बाँच्न रहर वा ईच्छा राख्दैन । यो उनीहरुका लागि वाध्यता हो । त्यो बाध्यताको सृजना भनेको विगतदेखिको सामाजिक संरचनाले गरेको छ । यसलाई मलजल दिने काम राज्यले गरेको छ । भूमिहीन हुनु किन व्यक्तिको व्यक्तिगत ईच्छा वा रहर नभएर सामाजिक संरचनागत सवाल हो र यसलाई राज्यले नै कसरी मलजल दिईराखेको छ भन्ने विषयलाई यस लेखमा समेट्न खोजिएको छ ।

पृथ्वीनारायण शाहको पालादेखि नै भूमिको राजस्व देशको आम्दानीको महत्वपूर्ण श्रोत भएकोले भूमिकर अत्याधिक उठाउने उद्देश्यअनुरुप



भूमि व्यवस्था लागू गर्दै लगियो । केन्द्रिकृत राज्यको प्रतिनिधि बनेर मुलुकका विभिन्न क्षेत्रमा पुग्ने कर्मचारी, सैनिक, तथा पंडित वा पुजारीहरु नै भूमि व्यवस्थाका मुल हर्ताकर्ता र मालिक बन्न पुगे । विर्ता, जागिर र जमिन्दारी प्रथा मौलाउँदै जाँदा कृषियोग्य जमिन माथिल्लो जाति र राणाहरुमा वा सिमित व्यक्तिहरुमा थुप्रिन पुग्यो र वास्तविक जोताहाहरु भने भूमिहीन वा कृषिकर्मीका रुपमा रहन पुगे । भूमिकै कारणले कमैया, हलिया, हरुवा-चरुवा, कमारो र मोही प्रथाको शुरु भएको पाईन्छ । यसैबाट भूमिहीनताको कथा सुरु हुन्छ ।

राजपरिवारले आफ्ना मनपरेका मान्छेलाई विर्ता दिए । सरकारी सेवामा काम गर्ने कर्मचारीलाई पैसाको सट्टामा जमिन दिईयो । जागिर खाने उपल्ला

जातका भएकाले जमिन उनीहरुका नाममा मात्र थुप्रिन गयो । दलितहरुले माथिल्ला जातिको सेवा गर्नुपर्ने भएकोले उनीहरुलाई दास कै संरचनाभित्र राखियो । जसले जमिनको कुनै स्वामित्वको महसुस गर्न नै दिईएन । जनजातिहरुको आफ्नो क्षेत्रमा भएका जमिन, जागिर र बिर्ताका रुपमा कथित माथिल्लो जातिका मानिसलाई बाँडियो । यसले जनजातिहरुलाई पनि सुकुम्बासी बनायो । उदाहरणका रुपमा विशेष गरी तराई र पूर्वी पहाडका जग्गा कसका थिए र आज कसका भएका छन् भन्ने कुराले पनि प्रष्ट पार्दछ । यसबाट राज्यले कसरी दलित र जनजातिहरुलाई सुकुम्बासी बनाउन वा मोहीका रुपमा रहन बाध्य बनाउँदै लग्यो भन्ने थाहा हुन्छ ।

जमिनदारी प्रथाका विरुद्धमा वि सं २००९ र २०१० सालमा प्युठानदेखि बारा रौतहटसम्म थुप्रै किसान विद्रोह भए । देशमा उठेको किसान विद्रोह दबाउन राज्यले भारतीय सेना समेत ल्यायो । जसमा किसान नेता भिमदत्त पन्तको हत्या भएको थियो (कृष्ण बहादुर थापा, अप्रिल १९९१) । यस्तो हुनुमा राज्य जमिनदारहरुबाट संचालन हुनु हो । किसानले आफ्नो अधिकार माग गर्दा भारतीय सेना ल्याएर किसानलाई मार्नु र किसान आन्दोलन दबाउनुले यसका लागि राज्यले कसलाई न्याय दियो र कसलाई झन जमिनदार बनाउँदै लग्यो भन्ने कुरा देखाउँछ ।

> *किसानले आफ्नो अधिकार माग गर्दा भारतीय सेना ल्याएर किसानलाई मार्नु र किसान आन्दोलन दबाउनुले राज्यले कसलाई न्याय दियो र कसलाई झन जमिनदार बनाउँदै लग्यो भन्ने कुरा देखाउँछ ।*

२०१७ सालमा पंचायत आउनुमा पनि जमिनको सवाल गाँसिएको छ । पञ्चायतको घोषणा हुनुमा जमिनदारको ठूलो हात, सहयोग र समर्थन रहेको थियो । त्यही समर्थनको राजाले प्रयोग गरेर पञ्चायत घोषणा गरेका हुन । जसले अझ जमिनदारी प्रथालाई मलजल दियो । पंचायतकालको ३० वर्षमा यो झन् फष्टायो ।

२०५१ सालमा बडाल आयोगले ४ लाख ५० हजार बेदर्ताका मोहीहरु वर्षौंदेखि साहूको जमिन जोतेर आएको प्रतिवेदन सार्वजनिक गर्दागर्दै द्वैध स्वामित्वको अन्त्य गर्ने नाममा भूमि सम्वन्धी चौथो संसोधन २०५३ ल्याएर बेदर्ताका मोहीहरुलाई मोहियानी हकबाट वञ्चित गरियो । एक प्रतिवेदनका अनुसार झण्डै ६० प्रतिशत भूमिहीनहरु बेदर्ताका मोहीका रुपमा रहेको पाईन्छ । यसो हुनुमा सरकारको भूमिका रहेको छ भने विपक्षहरु पनि चुप रहेका थिए । यसले पनि जातीय र लिंगीय कुरालाई छोडेर वर्गीय मायालाई जगेर्ना गरेको देखाउँछ । जहाँ भूमिहीनहरुको सहभागिता थिएन । त्यसैले यो भूमिसुधार ऐन संसदबाट सजिलै पास भएको थियो । दर्ता भएका मोही किसानहरुलाई यसले न्याय नै गरेको छ भने बेदर्ताका मोहीलाई यसले ठुलो अन्याय गरेको छ ।

यसैगरी २०५८ साल श्रावणमा अर्को पाँचौ संसोधन ल्याईयो तर त्यसले हदबन्दी घटाएको निहुमा परिवारको परिभाषामा १६ वर्षभन्दा माथिका छोराछोरीलाई भाग अंसियार बनाएकोले जग्गा लुकाउन सक्ने धेरै उपायहरु खुला गरिदियो । जबकि यसभन्दा अगाडि एकाघरमा भएका सबैलाई एक परिवार मानिन्थ्यो । यही ऐनले ६ महिनासम्म यदि मोही वा साहु वा दुवैले जग्गा बाँडफाँडका लागि निवेदन नदिएमा सरकार आफैले जग्गा बाँड्ने भनेको थियो । जबकि सरकारले एकजनाको पनि जग्गा फिल्डमा गएर बाँडेको आजसम्म सुन्नमा आएको पाईँदैन ।

टाठा किसानहरु आफै गएर र मोही अधिकारको अभियान संचालन भएका स्थानहरुबाट जम्मा २.६ प्रतिशतले जमिनमाथिको अधिकार लिन सकेका छन् । आफू सत्तामा हुँदा तयार गरी पास गरेका किसानका हितमा भएका नीतिनियम कार्यान्वयन नहुँदा पनि राजनैतिक पार्टीहरु कानमा तेल हालेर बस्छन् । किसानका हितमा आएका ऐन-कानून पनि कार्यान्वयन नगर्ने कुराले राज्यले कसको हितमा काम गरिराखेको छ भन्ने कुराको स्पष्टता दिन्छ ।

अर्को किन जमिनदारका विरुद्धमा केही कानून आउनासाथ विरोध हुन्छ । किन किसानका हित विपरित कानून नियम आउँदा विरोध हुदैनन् ? सामाजिक न्यायका लागि बसेकाहरु पनि किन धनीका विरुद्धमा आएका नियमका पछाडि उजुरीमा लाग्छन् ? गरिवका विरुद्धमा ल्याईएका कानूनका विषयमा किन चुपचाप हुन्छन् ? उदाहरणका लागि भूमिसम्बन्धी चौथो संसोधनले मोहियानी हक लागेको जग्गामा आधा मोहीले पाउने विधेयक ल्याएपछि साहुहरुले त्यसका विरुद्धमा चर्को विरोध र सर्वोच्चमा मुद्धा हालेका थिए ।

तर किन बेदर्तावाल मोहीलाई अन्याय भयो भनेर मुद्धा हालिएन ? त्यसको विरोधमा राजनैतिक पार्टीका भातृ संगठनहरु किन विरोधमा उत्रिएनन् ? यसका पछाडि कि त किसान संगठनहरुका पदाधिकारीहरु जमिनदारका पक्षमा थिए कि त ती वास्तविक किसान नेता नै थिएनन् ।

संविधानले पनि सुकुम्बासीलाई झन् सुकुम्बासी नै बनाउन सहयोग गरिराखेको देखिन्छ । अमेरिकामा, बेलायतमा वा अन्य कुनै देशमा बसेर यहाँको जग्गाको आयस्ता खानलाई छुट दिईराखेको छ । यसैगरी अलिअलि जमिन हुनेलाई पनि जमिनदारहरुले ऋण दिए, तिर्ने नसक्ने गरी भारी बोकाएर भएका जग्गा पनि आफ्नो कब्जामा लिईरहेको पाईन्छ । धनीहरुले नै गरिव-गरिवका बिचमा झगडा गराएर त्यसको फाईदा लिएका छन् ।

सुकुम्बासीहरुलाई टन्न जाँड खुवाएर तीनै गरिव सुकुम्बासी जो ऐलानी जग्गामा बसेका छन् उनीहरुको नै झुप्रा भत्काउन र हटाउन लगाइन्छ । यस्ता विषयमा राज्य चुप लागेर बस्छ । यस्ता कुरालाई राज्यका नीतिनियमले ती सुकुम्बासी र मोही किसानका पक्षमा सहयोग गरेका पाइदैन । न्यायालयमा गएर जमिनदार र धनीहरुसँग मोही र सुकुम्बासी किसानहरुले मुद्धा गर्न नै सक्दैनन् । यसका उदाहरणहरु पत्रपत्रिकामा धेरै आईसकेका छन् । अमानवीय संस्कृतिको विकास पनि भूमिबाट नै भैराखेको छ । भूमिको असमान वितरण नै शोषणको जरो हो । मान्छे बहुला हुनु, विरामी हुनुका पछाडि पनि शोषण र सामाजिक अन्याय जोडिएको छ । एक

पक्षबाट हेर्दा ए मान्छे त बहुलाएछ भन्ने देखिन्छ, तर यसका पछाडि भूमिबाट उब्जेका शोषण र सामाजिक अन्यायले उसलाई बहुला, विरामी र द्वन्द्वको स्थितिमा जान बाध्य भएको छ । वर्गको निमार्णमा नै भूमिको भूमिका छ । यस्ता कुरामा राज्यको ध्यान नजानु र सामाजिक न्यायको पक्षलाई नसमेट्नु सामाजिक संरचनाभित्रको खेल मान्न सकिन्छ ।

राजनीतिक पार्टीका भातृ किसान संगठनहरुले किसानको भूमिमा अधिकारका लागि भन्दा पनि सत्ता प्राप्तिका लागि बढी वकालत गरेको पाईन्छ । जसले भूमि अधिकारको सवाल आज पनि ती सुकुम्वासी भूमिहीनहरु र मोही किसानका लागि बन्नसकेको छैन । जसका कारण राज्यले जस्तोसुकै नियम कानून ल्याए पनि उनीहरु चुप छन् । न त उनीहरुलाई भूमिको अधिकार पाउने कानुनी ज्ञान र सूचना नै छ न त उनीहरुमा भूमि अधिकार हाम्रो पहिलो विकासको अधिकार हो भन्ने सोच्ने समय नै छ । सधै परिवार पाल्नका लागि उसले विदेश जानेदेखि लिएर कुन ठाउँमा गएमा काम पाईन्छ भनेर नाम्लो बोक्ने र साहुको हलो जोतिदिने भन्दा अरु फुर्सद छैन ।

ग्रामीण समुदायको विकासको निर्णय प्रक्रियामा पनि जमिनले असर पारेको छ । जमिनदारले वा अलि जमिन भएकाले जे कुरा भन्छ र यदि सुकुम्बासी वा गरिव किसानले उसको जग्गा कमाएको रहेछ भने त्यसमा सही थाप्न बाँध्य हुनुपर्छ ।

यसैगरी सरकारी वा गैरसरकारी संस्थाका विकासे कार्यक्रम अन्तर्गत गरिवहरुलाई तरकारी लगाउ भनिन्छ, चर्पी बनाउ भनिन्छ, धारा राख भनिन्छ तर जमिन नहुनेले तरकारी कहाँ लगाउने, चर्पी कहाँ बनाउने, धारा कहाँ राख्ने जबकि उनीहरुलाई सार्वजनिक जग्गामा दिशा गर्दा पनि ठूलाबडाको हप्की खानुपर्छ । उनीहरुका लागि यस्ता विकासका कार्यक्रम कागलाई बेल पाक्यो हर्ष न विस्मात भएको छ । जमिन नभएका सुकुम्बासीहरुलाई तरकारी लगाउने, चर्पी बनाउने, बाखा, बंगुर पाल्ने, बचत समूह गठन गर्ने, वा बाँड्ने विकासले अहिले भइराखेको संरचनालाई जस्ताको त्यस्तै राख्ने बाहेक अरु कुरामा सघाएको कमै पाइन्छ ।

अन्तमा,

राज्यले हालसालै घोषणा गरेको भूमि बैंकको अवधारणा पनि त्यही सामाजिक संरचनाभित्रबाट आएको र त्यही वर्गीय संरचनाको हित गर्ने देखिन्छ । यी सबै कुराले गर्दा सुकुम्बासी हुनु वा बेदर्तावाल मोही वा मोहीका रुपमा रहनु किसानहरुको आफ्नो व्यक्तिगत ईच्छा, आकाँक्षा वा रहर नभएर सामाजिक संरचनागत सवाल हो । यसलाई फलाउने राज्यको भूमिका छ । जसका कारण पहिलो राज्यले बनाउने भूमिसुधारका नीति र कार्यक्रम गरिव, दलित र महिलाका पक्षमा छैनन्, भएका पनि कार्यान्वयन हुँदैनन् । परिणामस्वरुप देशमा सामाजिक अन्याय दिन प्रतिदिन बढिराखेको छ र यसबाट नै देशमा द्वन्द्वको स्थिति पैदा भइराखेको छ । सरकारका नीति र कार्यक्रम हात्तीको देखाउने दाँत जस्तो मात्रै भएको छ । यसले सामाजिक अन्याय र अहिलेको द्वन्द्वलाई कम गर्ने कुरालाई ध्यानमा राखिएको छैन ।

भूमिसुधारका कुरा केवल जग्गा खोसेर बाँड्ने कुरा मात्र होइन यो त सामाजिक न्यायको पक्ष पनि हो । सामाजिक न्याय र समुन्नतीका लागि यो अरुभन्दा पहिलो अधिकार हो । अरु धेरै देशमा भूमिसुधारलाई विकासको पूर्व सर्तका रुपमा लिइन्छ । तर नेपालमा यो अझै ओझेलमा परेको विषय छ । ■

जग्गा बाँडफाँड गर्ने म्याद थप

श्री श्री ५ को सरकारले मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद पुनः थप गरेको छ । भूमिसम्बन्धी ऐनमा अध्यादेशमार्फत छैठौं पटक संशोधन गरी आवश्यक म्याद थप गर्न राजपत्रमा सूचना प्रकाशित गर्नसक्ने कानुनी बाटो खुला गरिएको हो । ऐनको अधिनमा राजपत्रमा प्रकाशित सूचनाअनुसार जग्गा बाँडफाँडका लागि निवेदन हाल्ने समय २०६१ साल चैत मसान्तसम्म थप गरिएको छ ।

त्यस्तै पर्न आएका निवेदनको छिनोफानो २०६२ साल चैत मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था रहेको छ । यस अघि सरकारले २०५३ सालमा भूमिसम्बन्धी ऐनमा चौथो पटक संशोधन गरी मोहियानी हक नलाग्ने व्यवस्थाको साथै मोही लागिसकेका जग्गा मोही र जग्गावाल बीच आधा-आधा गर्न गराउन सक्ने व्यवस्था थियो ।

त्यस्तै २०५८ साल श्रावण ३२ गतेबाट लागू भएको पाँचौं संशोधनको मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद पनि २०६० श्रावण मसान्तमा समाप्त भएको थियो । त्यो विचमा २.६ प्रतिशत मोहीको मात्र जग्गा बाँडफाँड हुनसक्यो ।

पछिल्लो निर्णयले मोही लागेको जग्गा बाँडफाँडका लागि मोही किसानहरुले समयमै निवेदन नदिएमा बेदर्तावाल मोही त हकबाट बञ्चित भईरहेकै छन् । दर्तावाल मोही पनि हकबाट पाखा लाग्नु पर्ने हुन्छ । जग्गा बाँडफाँडको प्रक्रियामा जग्गावालको जग्गाधनी पूर्जामा मोही महलमा मोही नाम लेखिएको बाहेक मोहीको अस्थायी प्रमाणपत्र हुनेले पनि निवेदन दिन सक्दछन् । ■

सरकारको भूमि बैंक योजनाबारे को के भन्छन् ?

सरकारले आफ्नो अस्तित्व जोगाउन बेलाबेलामा ल्याउने गरेको भूमिसुधार कार्यक्रमका श्रृंखलामा भूमि बैंक पछिल्लो कडी हो । तर भूमिको न्यायोचित वितरणका लागि स्थाई र दीर्घकालीन योजना बन्न सकेको छैन । जे जति बनेका छन् ती सबै तदर्थ खालका छन् । तिनले भूमिहीनहरुको समस्या कहिल्यै समाधान गर्न सक्दैनन् । जसले भूमिमा टेक्दैन, अधिकाँश भूमिमा उसकै स्वामित्व रहने हुनाले भूमिको समस्या ज्यूँ का त्यूँ रहेको हो ।

– अर्थशास्त्री दीपेन्द्र बहादुर क्षेत्री

भूमिबैकको अवधारणा आफैमा प्रशंसनीय भएपनि सरकारले प्रस्ताव गरेको योजना त्रुटिपूर्ण छ । प्रस्तावनाका कतिपय व्यवस्थाहरुले भूमिपतिकै पक्षपोषण गरेको छ ।

– प्राध्यापक कैलाशनाथ प्याकुरेल

भूमिको वितरण उत्पादकसँग मात्र नभएर सामाजिक न्यायसँग जोडिएको मुद्दा हो । तर अहिलेको योजना सामाजिक न्यायसँग सम्बन्धित छैन । यो योजना भूमिपतिहरुको नबिकेको जग्गा बेच्ने षडयन्त्रको रुपमा अगाडि आएको छ ।

– पूर्व भूमिसुधार मन्त्री जगन्नाथ आचार्य

अहिले पनि ७५ प्रतिशत दलितसँग दुइ रोपनी भन्दा कम जग्गा छ । २३ प्रतिशत भूमिहीन छन् । प्रस्तावित भूमिबैंक अवधारणाबाट ती दलितहरुले भूमि पाउन सक्दैनन् र यो व्यवस्थाले त ऋणमा डुबेका दलितहरुलाई झन् ऋणमा डुबाउनेछ ।

– दलित नेता आहुति

विगतमा भएका भूमिसधार कार्यक्रमलाई हेर्दा अहिलेको कार्यक्रम पनि असफल हुने हो कि भनेर शंका गर्नु स्वाभाविकै हो तर भूमिहीनता निरन्तर चलिरहने प्रक्रिया हो । यो समस्या समाधानको लागि बजारसंयन्त्रको उपयोग गर्नुपर्छ । बजार संयन्त्रले भूमिसुधारलाई परिचलान गऱ्यो भने भूमिहीनताको समस्या समाधान हुन्छ ।

– राष्ट्रिय योजना आयोगका, सदस्य डा.हरिकृष्ण उपाध्याय

भूमिसुधार कार्यक्रम खण्डित र घटना प्रदान ढगंले ल्याएर हुदैन । यो त ८० प्रतिशत कृषिश्रममा आधारित जनतालाई उत्साहित गर्नेगरी ल्याउनुपर्छ । हदबन्दी घटाउने भू-उपयोगका लागि वैज्ञानिक नीति तय गर्ने, चक्लाबन्दी गर्ने, गुठी जमिन रैकर गर्ने, मोही किसानको नाममा जग्गा दर्ता गर्ने, बाँझो जग्गा उपभोग गर्ने जस्ता सवाललाई एकीकृत ढंगले लागू गर्नुपर्छ । तर जनताको प्रतिनिधित्व नगर्ने यस्तो अवैधानिक सरकारले ल्याएको भूमिबैंक योजना आफैमा जालसाजीपूर्ण छ । जमिन नबिकेर हैरान भएका अनुपस्थित जमिनदारको स्वार्थ अनुरुप रियल स्टेट व्यापारका रुपमा यो कार्यक्रम आएको हुनसक्छ । राज्यकोषको पैसाबाट आफ्ना कार्यकर्ताको जमिन बेच्ने षडयन्त्र यस योजनामा लुकेको हुनसक्छ । त्यसो हो भने यो कार्यक्रम भू-माफियाको व्यापारमा रुपान्तरित हुनेछ । उच्चस्तरीय भूमिसुधार आयोग ०५१ ले अघि सारेको समग्र कार्यक्रमले बाहेक कुनै उपायले भूमिको समस्या समाधान गर्न सक्दैन ।

– एमाले नेता केशव बडाल

सरकारको वैधानिकता मै प्रश्न उठिरहेको बेलामा भूमिबैंक अवधारणामाथि शंका गर्नुपर्ने पर्याप्त आधारहरु छन् । विद्रोहीहरुले भूमिको असमान वितरणको सवाललाई रणनीतिक रुपमा उपयोग गरिरहेको सन्दर्भमा भूमिसुधारको कार्यक्रमलाई द्धन्द्ध व्यवस्थापनका प्याकेजका रुपमा आवद्ध गरेर लैजानुपर्छ ।

– द्वन्द्वविद डा.विष्णुराज उप्रेती

दाताको लहैलहैमा लागेर योजना बनाउनुहुदैन । बरु कुनै निश्चित योजना लागि दातासँग डिल गर्नुपर्छ । यसर्थ दाताको लहैलहैमा आएको भूमिबैंकका अवधारणाको औचित्य छैन । हदबन्दी, मोही, गुठी, ऐलानी, पर्ति जग्गासँग जोडिएका मुद्धासहित तिनको उत्पादनशीलता सुनिश्चित गर्ने गरी भूमिसुधार कार्यक्रम आउनुपर्छ ।

– अखिल नेपाल किसान संघका उपाध्यक्ष धर्मदत्त देवकोटा

भूमिबैंक योजना सामाजिक न्याय स्थापित गर्ने हिसाबले आएको होइन । वास्तविक जोताहाले भूमिमा अधिकार पाउने ग्यारेण्टी भएपछि मात्र दोस्रो चरणमा भूमिबैंक उपयोगी हुनसक्छ । जोताहाको हातमा अधिकार स्थापित भएपछि आधुनिक खेती प्रणाली कृषि प्रविधि जस्ता कार्यक्रमसहित भूमिबैंकको कुरा आउनुपर्छ । तर अहिलेको योजना मुलुकका ठूला सामन्तीलाई पूँजिपतिमा बदल्ने जालसाजी मात्रै हो ।

– समाजबादी आन्दोलन नेपालका संयोजक श्याम श्रेष्ठ

भूमिबैंकको अवधारणा नराम्रो होइन तर यसलाई कार्यान्वयनमा ल्याई हाल्नु आवश्यक छैन किनभने यसले नेपालको भूमि व्यवस्थामा रहेका समस्याहरुको समाधान गर्दैन । नेपाली अर्थतन्त्रको मुल मुद्धा गरिबी निवारण हो । प्रस्तावित भूमिबैंक योजनाले गरिबी निवारणलाई सम्बोधन गर्छ कि गर्दैन भनेर आशंका गर्न सकिन्छ । तर १० लाख भूमिहीनलाई नै जग्गा दिने पक्षमा चाँहि म छुइन ।

- ने का. प्रजातान्त्रिक नेता डा. मिनेन्द्र रिजाल

भूमिबैंक योजना कानून सम्मत छैन । यो भूमिसधार ऐन २०२१ अन्तगर्त पर्दैन ।

- अधिवक्ता मेघराज पोखरेल

खेतीका लागि प्रशस्त जग्गा हुनेहरु पनि आयआर्जनका अन्य उपायतिर आकर्षित भएका छन् । त्यसकारण भूमिसुधारको अवधारणामा परिवर्तन गर्नु आवश्यक छ । अब प्रतिस्पर्धी खेतीतिर अघि बढ्नु जरुरी भई सकेको छ ।

- डा. प्रेम शर्मा

भूमिमा महिलाको स्वामित्व निर्धारण गर्ने सवालमा कुनै पनि नीतिहरु प्रष्ट छैनन् । भूमिबैंकको अवधारणाले पनि त्यस सवालमा एकशब्द पनि बोलेको छैन । भूमिमाथि महिलाको स्वामित्व स्थापित गर्न वर्तमान संविधान नै संसोधन गर्नुपर्छ ।

- राष्ट्रिय महिला आयोगकी निवर्तमान अध्यक्ष दुर्गा पोखरेल

घटना अध्ययन

मोहीयानी हकले ल्याएको खुसी

एक माना मकैको विउ जाने बारी भएका लुमडी प्रसाद गजुरेल मोहीयानी हक पाएपछि ६ रोपनी खेतका मालिक भएका छन् । हक पाएपछिको उनी र उनको जीवनमा आएको परिवर्तन बारे उनी भन्छन्- 'म पहिले त जोतिरहेको जग्गाको मालिक बनें । त्यसपछिको ठूलो उपलब्धी भनेको हामीलाई सधैं जोताउने र हाम्रो पसिना खाने जग्गावाल विरुद्धको हाम्रो संघर्षको जित हो । हामीलाई यसबाट ठुलो गौरब भएको छ र टाउकाको बोझ पनि हलुँगो भएको मैले महशुस गरेको छु । जग्गाबाट उव्जेको अन्नले पेटभरी खान पाईयो । एकाएक २ महिना मात्र खान पुग्ने मेरो परिवारमा केही अन्न बचत समेत हुन थाल्यो । यसबाट मैले मेरा छोरा र छोरीलाई स्कुल नियमित पठाउन सकें । घर नजिकैको खेत भएकोले तरकारी खेती गर्न थालियो । किनकि मैले जग्गावाललाई धान नै बुझाउनु पर्ने बाध्यता टरेको थियो । खाना नपुग्दा घरमा हुने कचिंगल र झगडा पनि टरेको छ । यसबाट परिवारीक वातावरण नै कता हो कता फरक भएर आएको छ । बिरामी हुँदा उपचार गर्ने सामर्थ्य बढेको छ । छोराछोरी लाई कापि किताव र ड्रेस कसरी किनिदिने होला भन्ने पिरले मलाई छोडेको छ । भनौन हामी खुसी र सुखी भएका छौं । हिजोआज केही सामाजिक कार्यक्रममा जस्तो : भेला वैठक आदि पनि भाग लिन थालेको छु ।

सिन्धुपाल्चोक जिल्ला इचोक गा.वि.स. वडा नं. ५ कात्तिकेका लुमडी प्रसाद गजुरेलका २ छोरा, १ छोरी, आमा, र श्रीमती गरी ६ जनाको परिवार छ । उनको आफ्नो जग्गा १ माना मकैको बीउ जाने बारी थियो । त्यस जग्गाबाट ५ भारी मकै र १० पाथि कोदो मात्र हुन्थ्यो । साहुको जग्गा ४ कित्ता कमाएका थिए । तर ती जग्गाबाट उव्जेको अन्न जति कुत र व्याज गरी सबै नै साहुले लाने गर्दथे । उनको परिवारलाई खान २ महिना पनि पुग्दैनथ्यो ।

२०५३ सालबाट गाउँमा जोतिरहेको जमिनमा मोहियानी हक पाईने हलचल मच्चियो । मोही जनजागरण समिति र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले मोही किसानको हकबारे जानकारी गराई हकका लागि संगठित हुन सघाए । उक्त प्रक्रियामा लुमडी गजुरेल पनि सक्रियतापूर्वक सहभागी भए । गाउँमा गठन भएको मोही हकहित उपसमितिको निर्णय अनुसार भर्पाई नलिई कुत नबुझाउने सहमती भयो । उनले पनि भर्पाइ लिएर मात्र कुत बुझाए ।

कुत बुझाएको भर्पाई, कुत कवुलियतनामा र गाउँ विकास समितिको सिफारिस सहित उनले मोहीयानी हकका लागि जिल्ला भूमिसुधार कार्यालयमा २०५५ सालमा निवेदन दिए । प्रत्येक तारेख नियमित धाए र नपुगेका प्रमाण पनि समयमै जुटाए । मोहीयानी हक नदिन जग्गावालले उनलाई जग्गा खोसिदिने धम्की दियो तर उनी त्यसबाट विचलित भएनन् । उनी भन्छन् ' मोहियानी हकका लागि लड्ने म मात्र थिईन हामी थुप्रै किसानहरु सामूहिक रुपमा संघर्ष गरिरहेका थियौ । त्यसैले साहुको धम्कीले म डराइना।' निवेदन दिएको २ वर्षपछि उनले मोहीयानी हक पाउने निर्णय भयो । मोहीयानी हक पाएपछि उनमा जग्गावालको दासत्वबाट छुटकारा पाउने चाहना अझ बढेर आयो । उनले भूमिसुधार कार्यालयको फैसला उतार गरी पुन जग्गा बाँडफाँडको लागि मालपोत कार्यालयमा निवेदन दिए । निवेदनको आधारमा मालपोत कार्यालयले गाउँमा सरजमिन पठायो । गाउँ सरजमिनका आधारमा मालपोतले आधा जग्गाको स्वामित्व सहितको पूर्जा दियो । अहिले उनी १२-३-२-१ खेतको मालिक भएका छन् ।

हक पाउने सफलतामा पीडितहरुको आफ्नै संगठन, क्रियासील अभियानकर्ता र संस्था(सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एक्सनएड नेपाल) को नियमित सहयोग रहेको उनको धारणा रहेको छ । यो विचमा ढिलो सरकारी कार्यशैली र जग्गावालको दवाव ठूलो चुनौतीको रुपमा आएको उनलाई लागेको छ । ■

अभियान क्रियाकलाप

विभिन्न जिल्लामा भूमि अधिकार अभियान

भूमि अधिकार नेपालको आर्थिक समुन्नती र सामाजिक न्यायको महत्वपूर्ण सवाल हो । यद्दपी यो सवालमा आवश्यक अभ्यास हुन सकेको छैन । सामाजिक संघसंस्थाको प्रयासमा भूमि अधिकारको अभियान करिब एक दशकदेखि सिन्धुपाल्चोकमा सञ्चालित छ । भूमिका समस्या देश भरीनै व्यापक रुपमा रहेको पृष्ठभूमीमा यस अभियान कुनै एक जिल्लामा मात्र सञ्चालन गर्दा कार्यान्वयन तहमा केही सफलता देखिए पनि नीतिगत तहमा खासै प्रभाव पार्न नसकिने अनुभवका आधारमा यस अभियानलाई सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले अन्य विभिन्न जिल्लामा विस्तार गरेको छ । यसका लागि विभिन्न संस्था तथा व्यक्तिसँग अभियानमा सहयात्रा गरिने छ । यसरी अभियान विस्तार गरिएको जिल्लाहरुमा चितवन, सिरहा, सप्तरी, सुनसरी, दाङ, बाँके, डडेल्धुरा, बैतडी रहेका छन् । यो अभियान सिन्धुपाल्चोक बाहेक गत वर्षदेखि महोत्तरीमा जारी छ । अभियानका लागि सिन्धुपाल्चोकमा सन् १९९४ देखि एवं चितवन र सिरहामा सन् २००४ बाट एक्सनएड नेपाल र अन्य जिल्लाहरु सप्तरी, सुनसरी, दाङ, बाँके, डडेल्धुरा, बैतडीमा सन् २००४ देखि डानिडा/हुगोले सहयोग गरिरहेका छन्।

भूमिसुधार तथा गरिबी निवारणबारे अन्तर्क्रियात्मक छलफल

२०६० फागुन २४ (मार्च ७, २००४) गते 'भूमिसुधार तथा गरिबी निवारण विषयक' एक अन्तरक्रियात्मक कार्यक्रम काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यक्रमको उद्देश्य विशेष गरी सरकारको प्रस्तावित भूमि बैंकको अवधारणामाथि छलफल तथा अन्तर्क्रिया गर्नु रहेको थियो । विभिन्न राजनीतिक दलका नेता, भूमिविज्ञ, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनीधी एवं विभिन्न संचार माध्यमका व्यक्तिहरुसमेत गरी कार्यक्रममा ९५ जनाको सहभागिता थियो ।

कार्यक्रममा भूमी बैंकको अवधारणालाई विश्लेषण गर्दै कृषि अर्थशास्त्री दीपेन्द्र क्षेत्रीले भूमिसुधार र सामाजिक न्यायको प्रश्न, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यक्रम संयोजक जगत देउजाले भूमि बैंकको अवधारणा र भूमिअधिकारको सवाल, अर्थशास्त्री प्रा. डा. कैलाश प्याकुरेलले सरकारी प्रस्तावको एक समिक्षा र राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायले भूमिबैंकको अवधारणाबारे सरकारी धारणा राख्नु भएको थियो ।

कार्यक्रममा सरकारको सो भूमिबैंक अवधारणामा सहभागीहरुले आ-आफ्ना विचार राखेका थिए । 'भूमि ओगटेर बसेका भूमिपतिहरुको जमिन बेच्ने षडयन्त्र भूमि बैंकको अवधारणा रहेको र जमिन्दारहरुलाई नै उभो लाउने काम सरकारले गर्न खोजेको'

धारणा सहभागीहरुको थियो । गरिब, भूमिहीन र लाखौ बेदर्तावाल मोही किसानहरुको समस्या यस अवधारणाले समाधान गर्न नसक्ने कुरा त्यहाँ उठेको थियो । कार्यक्रम एक्सनएड नेपाल, सचेत सञ्चार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयुक्त आयोजनामा गरिएको थियो ।

श्रोत संस्था सवलीकरण कार्यक्रम

२०६० चैत्र २-४ (मार्च १५-१७, २००४) गते ललितपुरको इमाडोलमा श्रोत संस्था तथा श्रोत व्यक्ति सवलीकरणका विषयमा ३ दिने कार्यशाला गोष्ठी भयो । कार्यक्रममा ९ जिल्लाका १६ पुरुष र ३ महिला गरी १९ जनाको सहभागिता थियो । कार्यशालाले प्रत्येक



जिल्लाको भूमि सम्बन्धी सवालहरु पहिचान गर्ने, हालसम्म सञ्चालित भूमि अधिकार अभियानको अनुभव आदानप्रदान गर्ने, नयाँ जिल्लाहरुमा भूमि अधिकारको अभियान थालनी गर्न रणनीति तयार गर्ने लगायत् आगामी ९ महिनाको लागि कार्ययोजना निर्माण गरिएको थियो ।

भूमि अधिकारबारे छलफल

भूमि पीडित किसान र अभियानमा प्रतिबद्ध अभियानकर्मीहरुको ६

बुँदे माग सहित चैत्र ५, ०६० (मार्च १८, २००४) मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि सवालमा छलफल कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा भूमि समस्याबाट पीडित, अभियानकर्मी, विभिन्न राजनीतिक दलका कार्यकर्ता र सञ्चारकर्मीहरु सहित ५८ जनाको सहभागिता थियो । कार्यक्रममा पीडितहरुले आफ्ना भूमी सम्बन्धी समस्याहरु पोखेका थिए । उक्त छलफल कार्यक्रममा पीडित किसान र अभियानमा क्रियाशिल प्रतिबद्ध अभियानकर्मीहरुले आफ्ना मागहरु पनि राखेका थिए ।



कार्ययोजना तर्जुमा तथा विश्लेषण गोष्ठी

सिन्धुपाल्चोक जिल्लामा संचालित भूमि अधिकार अभियानको पुनरावलोकन एवं योजना तर्जुमा र विश्लेषण गर्ने उद्देश्यले चैत्र ५ २०६० (१८ मार्च, २००४) गोष्ठी सञ्चालन गरिएको थियो । गोष्ठीमा सिन्धुपाल्चोकमा कार्यरत सहयोगी एवं अभियानकर्ता गरी १४ जनाको सहभागिता थियो । गोष्ठीमा अभियानको पुनरावलोकन गर्नुका साथै सरोकारवाला संस्था र व्यक्तिको भूमिकाबारे छलफल र योजना निर्माण गरिएको थियो ।

भूमि अधिकार लेखमाला प्रकाशन

भूमि अधिकारबारे नियमित रुपमा सञ्चार माध्यमलाई घटना, अन्तवार्ता, एवं समसामयिक लेख उपलव्ध गराउने तथा त्यस्ता सामाग्री सञ्चार माध्यमबाट प्रकाशन, प्रशारण गराउने उद्देश्यले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको पहलमा भूमि अधिकार लेखमालाको प्रकाशन शुरु गरिएको छ । पहिलो अंक प्रकाशित भई वितरण भईसकेको छ । लेखमाला ईमेल मार्फत पनि पठाउने व्यवस्था छ ।

अनुसन्धानमुलक तालिम

एक्सनएड नेपाल, जनवकालतीय कार्यमूलक अनुसन्धान परियोजना अन्तर्गत भूमि अधिकारको सवालमा पनि अध्ययन भईरहेको छ । यसै सिलशिलामा चैत ९ देखि ११ गतेसम्म ३ दिने फिल्डस्तरको सूचना संकलन विधि विषयमा गोष्ठी सञ्चालन भयो । कार्यक्रममा जनवकालतको लागि क्रियाशिल सञ्जालको अनुगमन सम्बन्धी विचार तथा चिन्तन, प्रश्नलाई औजारको रुपमा प्रयोग गर्ने, सुनुवाई तथा सहजीकरण सीप, सहभागीमुलक अनुगमन तथा मूल्याकंनका चुनौतीहरु र शक्ति विश्लेषणको विषयमा छलफल, चिन्तन तथा अभ्यास गरिएको थियो ।

मन्त्रिपरिषदको निर्णय कार्यान्वयन विषेयक छलफल

सिन्धुपाल्चोकको भूमि समस्या समाधानमा मन्त्री परिषदको निर्णय कार्यान्वयन विषयक अन्तर्क्रिया गोष्ठी चैत २१ र २२ मा चौतारामा सम्पन्न भयो । मन्त्रिपरिषदको निर्णय कार्यान्वयनको लागि अधिकारबाट बञ्चित किसान, मालपोत, नापी तथा भूमिसुधार कार्यालयका प्रतिनिधि, प्रमुख जिल्ला अधिकारी, सञ्चारकर्मी समेतको उपस्थितिमा सम्पन्न कार्यक्रममा गठित समितिले गर्नुपर्ने काम, त्यसका प्रकार, विभिन्न निकायको भूमिका किटानी तथा सवालहरुको प्राथामकिरण गरिएको थियो । कार्यक्रमको आयोजना जिल्ला भूमिअधिकार सञ्जाल समितिले गरेको थियो ।

छलफल कार्यक्रम

जमिन माथिको स्वामित्व र भूमि बैंकको प्रस्ताव विषेयमा चैत ९ गते एक छलफल कार्यक्रमको आयोजनामा राजधानीमा सम्पन्न भयो । यो कार्यक्रम गत फागुन २४ मा सम्पन्न भूमिसुधार तथा गरिबी निवारणबारे अन्तर्क्रियात्मक छलफललाई निरन्तरता दिन आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख राजनीतिक पार्टीका किसान संगठनका प्रतिनिधी, सञ्चारकर्मी, सामाजिक संघसंस्थाका प्रतिनीधि, भूमिहिन किसान, सरकारी अधिकारी समेतको उपस्थिती थियो । कार्यक्रमको शुरुमा एक्सनएड नेपालकी आर्थिक अधिकार

विभाग प्रमुख यमुना घलेले भूमि बैंक कै विषयलाई लिएर पहिलो पटक भएको अन्तर्क्रियाको निश्कर्ष एवं भूमी बैंक सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो । कार्यक्रममा नेपाली कांग्रेस प्रजातान्त्रिकका डिल्लीराज सिटौला, अखिल नेपाल किसान संघका धर्मदत्त देवकोटा, राष्ट्रिय योजना आयोगकी पूर्व अध्यक्ष दुर्गा पोखेल लगायतका महानुभावले मन्तव्य राख्नु भएको थियो ।

वक्ताहरुले मुलुकमा विद्यमान भूमी व्यवस्थाका सम्पूर्ण समस्या समाधान नगरी भूमी बैंकमा जान नहुने सुझाव दिएका थिए । प्रशस्त गृहकार्य नगरी भूमि बैंक कार्यान्वयनमा आए परिणाम प्रत्युत्पादक हुने चेतावनी समेत उनिहरुको रहेको छ । कार्यक्रम एक्सनएड नेपाल, सचेत सञ्चार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको संयुक्त आयोजनामा भएको थियो । ■

बर्दिवासका भूमिहीनको पीडा:
राज्यले सुनेन, सुन्ने कसले ?

"महोत्तरी जिल्ला गौरीबास गाविस वडा नं. ५ मा जम्मा १७१ घरधुरी बसोबास गर्छन् । यी परिवारले बसोबास तथा खेती गरेका जग्गाको क्षेत्रफल १४२ विगाहा ४ कठ्ठा छ । यसमध्ये नम्बरी जमिन ६ विगाहा ९ कठ्ठा र दर्ता नभएको जग्गा १३५ विगाहा १५ कठ्ठा देखिन्छ । ती जग्गाहरुमा पुस्तौंदेखि बसोबास तथा जमिनको भोग गरिआएका ५ घर बाहेक १६६ परिवार पूर्जाविहीन छन् । ती जग्गाहरु आफ्नो नाममा दर्ताका लागि उनीहरुले कैयन् प्रयास गरेको भए पनि विभिन्न बहानामा जग्गा भोगकर्ताको नाममा दर्ता हुन सकेको छैन । यस्तो संख्या महोत्तरीकै अन्य चार गाविस बर्दिवास, गौरीवास, माइस्थान र खयरमारा गरी जम्मा ३,९६० घरपरिवार रहेको छ । यस्तो अवस्था चुरे क्षेत्रभरी नै रहेको पाइन्छ । तर यसको कुनै तथ्यांक सरकारसँग छैन ।

बसोबास गरिरहेको जग्गाको स्थायी निस्सा नहुँदा बासिन्दाहरु वित्तीय निकायबाट कर्जा लिई व्यवसाय गर्न वञ्चित हुनुपर्ने लगायतका समस्या भोग्न बाध्य छन् । तर यस्ता अधिकांश वस्तीमा श्री ५ को सरकारले विद्यालय, खानेपानी विजुली, सिंचाइ जस्ता पूर्वाधारको व्यवस्था गरिदिएको छ भने ती समुदायको नाममा सामुदायिक वनहरु पनि हस्तान्तरण गरी दिएको छ ।

विकासका पूर्वाधारहरु उपलब्ध गराए पनि चुरे क्षेत्रका बासिन्दालाई भोग गरिरहेको जग्गा भने दर्ता गरिदिन सरकारको ध्यान गएको छैन । विकासका पूर्वाधार पनि दिने अनि भोग गरिरहेको जग्गा दर्ता गराउन पनि आनाकानी गर्ने द्वैध नीति सरकारले लिएको छ । यससम्बन्धी सरकारी नीति स्पष्ट नहुँदा बसिरहेकाहरु मर्कामा परेका छन् भने यो बसोबास व्यवस्थित नगरेसम्म चुरे क्षेत्रको संरक्षण पनि हुनसक्ने देखिँदैन ।

चुरे क्षेत्र भू-क्षयको दृष्टिकोणले अति संवेदनशील क्षेत्र भएको हुनाले श्री ५ को सरकारले त्यस क्षेत्रको संरक्षणको लागि करोडौं रुपैयाँ लगानी गरिरहेको छ । चुरे क्षेत्रको संरक्षण हुनुपर्छ भन्ने कुरामा कसैको विवाद छैन । तर अहिलेको दोहोरो र अस्पष्ट नीतिले चुरे क्षेत्रको संरक्षण कागजमै सीमित रहने स्पष्ट छ । चुरेका हजारौं बासिन्दाले भविष्यसँग गाँसिएको यो सवालमा राज्यको ध्यान समयमै जान आवश्यक छ ।

चुरे क्षेत्रको संरक्षणको सवाललाई यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाको समस्यासँग जोडेर हेरिनुपर्दछ । हालसम्म बसोबास गरेकाहरुको यकिन तथ्यांक लिएर वास्तविक भूमिहीनतालाई चुरेको तल्लो भेगमा व्यवस्थित बसोबास गराउने, उनीहरुले भोग गरिरहेको जग्गाको न्यायोचित रुपमा दर्ता गराउने र चुरे क्षेत्रको स्पष्ट सिमांकन गरी नयाँ वस्ती बसाउन नदिने काम नै चुरे क्षेत्रको संरक्षण गर्ने उत्तम उपाय हो । अन्यथा यस क्षेत्रका बासिन्दा सधैका भूमिहीन गरिब त रही रहने नै छन्, स्पष्ट सीमांकन र नीति नबनुन्जेल चुरेको संरक्षण पनि हुन सक्दैन । र, संरक्षणका नाममा भएका लगानी पनि वालुवामा पानी सावित हुनेछ ।

वर्तमान द्वन्द्वमा समेत यो समस्याले मलजल गरिरहेको छ । समय समयमा बनेका सुकुम्बासी आयोगले पनि जग्गा नापी गर्ने तर पूर्जा नदिने बरु उल्टै रकम लिएर खाइदिने प्रवृत्तिले जनता आजित भएका छन् । जग्गा नापजाँच ऐन २०१९ मा १५ वर्षसम्म निरन्तर हकभोग गरी आएका व्यक्तिको नाममा जग्गा दर्ता गरिदिने भन्ने व्यवस्था भए पनि व्यवहारमा त्यसको प्रयोग भएको पाईदैन । नागरिकको बसोबासको व्यवस्था गर्ने दायित्वबाट श्री ५ को सरकार पछि हटेको छ । तसर्थ, चुरे क्षेत्रको बासिन्दाको सामाजिक न्याय र बसोबासको अधिकारको ग्यारेन्टी गर्न बसोबास तथा भोग गरिरहेको जग्गा भोगकर्ता कै नाममा दर्ता गरिदिने नीति लिनुपर्छ ।

- गुञ्ज खडका, महोत्तरी

बैतडीको हलिया प्रथा:
विकल्प के?

हालै राजधानीमा भूमी अधिकारबारे छलफल कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा बैतडीका बुद्धिवल्लभ धानिकले हलिया समस्याको एउटा मार्मिक कथासहित हलिया समस्याका सन्दर्भमा आफ्नो अवधारणा राख्नुभएको थियो । त्यो मार्मिक कथा यस्तो थियो-"भानिराम लावड अहिले ६४ वर्षको हुनुहुन्छ । विक्रम सम्वत् १९९२ ताका वहाँका बुबा स्वर्गीय कालुरामले दुर्गाभवानी गाविस ७ बैतडीका एक भट्ट परिवारबाट घरको काम र खेत जोत्ने शर्तमा हलिया ऋणस्वरुप ७५ रुपैयाँ मात्र लिनुभएको थियो । यसबापत भानिरामका बुबाले साहुले अढ्राए खटाएको काम, जस्तो : खेतबारी जोत्ने, विवाह, ब्रतबन्धमा सघाउने गर्दै आउनुभएको थियो ।

भानिरामका बुबा ऋण लिएको १५ वर्षपछि बित्नुभयो । बुबाले लिएको ऋणको सम्पूर्ण भार कलिलै उमेरमा भानिरामको टाउकोमा आइपऱ्यो । उहाँ १२ वर्षको सानै उमेरमा सामन्त बाहुन परिवारको बन्धनमा हलिया जीवन बिताउन बाध्य हुनुभयो । साहुले वहाँको

बुबाले लिएको रु. ७५ भिक्टोरिया हो भनी तमसुक अलग्गै बनाएको रहेछ । हाल उक्त रकमलाई साहु (भट्टजी) ले नेपालीमा रुपान्तर गरी रु. ८,०००।- बनाएको छ र भानिरामले त्यति नै बुझाउनुपर्ने दावी गरिएको छ । विडम्बनाको कुरो, बाजेको पालामा लिएको रु. ७५ ऋण नातिको पालामा ८,०००।- तिर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । भानिरामले हरोरात साहुकोमा हलो जोतिदिनुपर्ने बाध्यता छ ।

यो एउटा सानो घटना हो । तर नेपालमा यस्ता हलिया ७५ देखि ९० हजारसम्म भएको एक प्रतिवेदनले देखाएको छ । यस्तो विषयमा कसको ध्यान गएको छ ? यो भने देख्न सकिएको छैन ।

नेपालको सन्दर्भमा विभिन्न राष्ट्रिय सवालमध्ये बँधुवा मजदुर सवाल पनि एक हो । हलिया प्रथा अहिले पनि बाधामजदुरको सवालका रुपमा चिनिन सकेको छैन । एक प्रतिवेदनअनुसार ९९ प्रतिशत दलितहरु हलिया छन् । यो सवाललाई पहिलोपटक श्री ३ प्रधानमन्त्री चन्द्रशमशेरले वि.सं. १९८१ मा उन्मूलन गर्ने घोषणा गरे । तर २००७ सालदेखि अहिलेसम्मका सरकार पक्षले त्यसलाई कार्यान्वयन गर्न कुनै पहल गरेको देखिदैन ।

२०४६ सालको जनआन्दोलनपछि २०४७ सालमा नेपाल अधिराज्यको संविधान बन्यो । यसले हरेक नागरिकलाई स्वतन्त्र रुपमा बाँच्न पाउने हक प्रत्याभूतिको व्यवस्था गऱ्यो । यसले बँधुवा मजदुर सवाललाई उठाउन प्रयास गर्ने बाटोको खुलासा भयो । त्यसको फलस्वरुप बँधुवा श्रम (निषेध गर्ने) ऐन २०५८ लागू गरियो । यद्यपि हलिया, कमलरिया, भैसरवा, छैकरवा, गोठालो र खलिया राख्ने प्रथा भने अझ ज्यूँ का त्यूँ रहेको छ ।

हलियाको सवाल फेरि पनि जमिनसँग गाँसिएको छ । यदि हलियाहरुसँग जमिन हुने हो भने हलियाको रुपमा बस्नुपर्ने थिएन । यस्तो जमिन नहुनेमा दलितहरु नै छन् । उनीहरुले प्रत्यक्ष रुपमा दुई किसिमका श्रमशोषणहरु बेहोर्नु परेको छ । पहिलो हो-हलियाको रुपमा साहुको शोषण र दोस्रो हो-जातीय छुवाछूत ।

यदि दलितहरुसँग जमिन हुने हो भने जातीय छुवाछूत पनि कम हुनेछ । हलियाको मुक्तिका लागि जमिनको कुरा कसले गर्ने ? कुखुरा, बाखा बाँड्ने विकासले हलियाहरुलाई कहिल्यै नछोएकोले सामाजिक न्याय र हलियाहरुको आर्थिक उन्नतीका लागि जमिनमाथिको अधिकार दिलाई हलियाप्रथा श्री ५ को सरकारको बँधुवा मजदुर श्रम ऐन २०५८ अनुसार उन्मूलन गर्नु पर्दछ ।

- बुद्धिवल्लभ धनिक, बैतडी

घटना अध्ययन

जमिनको कुरा त कसैले गरेन

शम्भुनाथ-३ डँग्राइ टोलमा १० घरधुरी सदाहरुको बस्ती छ । उनीहरु त्यस ठाउँमा १५ सालदेखि बसोबास गर्दैआएका छन् । धेरैको ३, ४ धुर मात्र जमिन छ । सोही टोलको विनोद सदाको भने २ कठ्ठा जति जमिन छ । उनीहरु ज्यालामा माटो काट्ने र बनमा गई दाउरा खोज्ने काम गरी जसोतसो जीवन बचाइरहेका छन् ।

पढन जाने उमेरका बच्चाहरु २० भन्दा बढी भएपनि २ जना आकलझुकल जाने गर्छन् । ३, ४ जना घरमुलीको बाहेक सो बस्तीमा अरुको नागरिकता पनि छैन । बच्चाहरुको जन्मदर्ताबारे त उनीहरुलाई थाहा पनि छैन् । गाउँमा घुम्ती टोली त आयो तर नागरिकता बनाउन ५ सय रुपैया मागियो । हामीसँग ५ रुपैया थिएन कसरी पाउनु नागरिकता, हामीलाई बास त छैन नागरिकता नभएर पो के हुन्छ र ? बस्तीका जेठी महिला मुर्ती सदाले भनिन् ।

अर्की थेपी सदाको विचारमा उनीहरुलाई कसैले मान्छेको रुपमा गणना गरेको छैन । उनीहरु बसेको जस्तै ऐलानी जग्गामा सयौ चौधरी र यादव थरको बस्ती छ । उनीहरुले विघौ विगाहा जमिन ओगटेका छन् । तर ति दलित बसेको घरजग्गामा प्लानिङ गर्ने र बेच्ने

पनि गाउँकै केही हुने खाने बसेका समितिले २ पटक घर भत्काइदिए उनिहरुले पिडा पोखे ।

"जतिखेर पनि तिमीहरुलाई लखेटी दिन्छौ भनेर भन्छन् । हाम्रो घर २ चोटी भत्काउने र लुट्ने गरियो, हामीले लगाएको रुख पनि काटिदिए" भोलाइ सदाले भने ।

हाम्रो विवरण लेखेर त धेरैले लगे तर जमिनको कुरा कसैले गरेनन् हाम्रो सबैको चाहना बसिरहेको जमिन हाम्रै होस भन्ने रहेको छ । कसैको हप्की दप्की खान नपरे मात्र पनि ठूलो सुख मिल्थ्यो होला, उनीहरुले भने । ■

रामभुपडीमित्रको रामकहानी

● माधव दुङ्गेल

चारपुस्तादेखि चमारहरुले उच्चहरुसँग समान हौ भन्ने बुझे पनि कमजोर आर्थिक अवस्थाका कारण सो बुझाइले उनीहरुलाई उल्टो पीडा दिएको छ ।

"मेरा बाबु महावीरले बेचन चौधरीका घरमा तीन वर्ष नोकरी गरे । त्यसवापत यो घर बनाउने जग्गा पाएका थिए, तर अहिलेसम्म हामीलाई पास गरिदिएका छैनन् । अहिले त मेरो जग्गा छाड् भनेर दवाव दिदैछन् ", सप्तरी जिल्ला शम्भुनाथ गाविस ९ चमारटोलका १३ वर्षीय सुन्दरकुमार राम आफ्नो गरिबीको कथा सुनाउँछन् । उनीसँगै घर जोडिएको अर्को रामभुपडीबारे बताउँदै स्थानीय जुगली राम भन्छन्-'बेचन चौधरीका घरमा तीन वर्ष नोकर बसेपछि घर बनाउन सवाकट्ठा पाएको थियो, त्यही पनि पछि नापी आउँदा त चौधरीकै नाममा पो दर्ता गरेछन् ।' अहिले चौधरीका छोराहरुले सो घर पनि छाड् भन्न थालेको गुनासो चौधरीहरुको छ । 'निमुखा चमारहरु किन सधै गरिब ?' भन्ने अनुत्तरित सवालको केही हदसम्म जवाफ दिन्छन्- यी अभिव्यक्तिले । पूर्वसाँसद दानालाल चौधरीका अनुसार, चमारहरुलाई चौधरीले चार पुस्ताअघि आफ्नो काम गराउन त्यहाँ ल्याएका थिए । त्यसबेलादेखि सप्तरीको शम्भुनाथमा बस्दै आएका उनीहरुको आर्थिक अवस्था चार पुस्ता बित्दा पनि सुधारिनुको सट्टा अझ बिग्रदै गएको छ ।

चौधरी(थारु) हरु त्यहाँका उच्च जाति र चमारहरु तल्लो जाति भन्ने भावना स्थापित छ । थारुहरु खेतीयाल र चमारहरु बनियार भए पनि दलितहरुले उच्चहरु नै आफ्नो गरिबीका कारण भएको बुझेपछि अहिले सम्बन्ध चिसो भएको छ । थारुहरु हिजोजस्तै हेप्न खोज्छन् तर चमारहरु प्रतिकारमा समेत उत्रिसकेका छन् । थारु र चमार जातिबीचको सम्बन्ध हिजोजस्तो मालिक र दास होइन, समान हुनुपर्छ भन्ने चमारहरुको चौथो पुस्ताले बुझ्न थालेको छ । १३ वर्षीय सुन्दरकुमार प्रश्न गर्छन्- "तीनवर्ष नोकरी गरेर पाएको यो जग्गा फिर्ता गर्नुपर्ने भए मेरा बाबुले काम गरेको तीन वर्षको ज्याला खोइ ?"

शम्भुनाथ-९ को रामटोलमा २६ घर चमारहरु छन् । कसैको खान पुग्ने जग्गा छैन् । बनिबुतो नै उनीहरुको जिविकोपार्जनको माध्यम हो । अलि धनीसँग एक दुइ कट्ठा जग्गा छ, नत्र ऐलानीमा बनाइएको फुसको घर नै उनीहरुको सम्पत्ति हो । "यो ऐलानीमा जमिन्दारले राखेका रे ।", जुगती राम आफ्ना गाउँका बारेमा बताउँछन् ।

विगत पाँच वर्षदेखि त्यस टोलका चमारहरुले उच्च जातको घरमा मरेको सिनो फ्याँक्न जानुपरेको छैन । सप्तरीका मधुपट्टी, कनकपुर, दौलतपुर आदि गाउँहरु र सिराहाका गाउँहरुमा सिनो बहिष्कार आन्दोलन भएपछि २०५६ सालदेखि शम्भुनाथका दलितहरुले सिने फ्याक्नुपरेको छैन । "हाम्रा मरेका पशु आफै फ्याक्छौ, अब हाम्रो द्वारमा नआउनू भने । त्यसपछि हामीलाई बोलाउँदैनन्," भुवन राम भन्छन् ।

शम्भुनाथका दलितभित्रको उकुसमुकुस गत कात्तिकमा विष्फोटक रुपमा बाहिर आयो । स्थानीय मुनहर चौधरीको खेतमा भैसी चराएको निहुँमा सुरु भएको चमार-चौधरी द्वन्द्वमा एमालेका पूर्वसांसद दानालाल चौधरी थुनिए पनि । उनले "तँ दलित भएर मसँग मुखमुखै लाग्ने ?" भन्दै अपाङ्ग भागवत रामलाई कुटेका र स्थानीय बेचनलाल चौधरीका छोराहरुले भागवतकी आमा फुदीदेवीलाई कुटेपछि सो काण्ड घटेको स्थानीय चमारहरुको दाबी छ । त्यस विवादको सम्झौता भएको त भनिएको छ, तर भावनात्मक रुपमा चमार चौधरी पुनः एक भएका छैनन् । आफ्नो जग्गाबीचको बाटो हिड्न नदिने भने पनि अर्को बाटो अझै बनाइदिएका छैनन् ।

"हामीले खनिएको बाटो बनाइदिने भनेका हौ तर उनीहरु आएनन्", दानलाल चौधरी भन्छन् । दानलालका अनुसार, चमारहरुलाई एक्सनएड र सरस्वती सामुदायिक विकास मञ्च जस्ता गैरसरकारी संस्थाहरुले बिगारेका हुन । उनी भन्छन्- "तिमीहरु प्रशासनमा नजाउ, यही मिलाउनुपर्छ भनेका थियौ । तर, उनीहरु प्रशासनमा गएर बबन्डर मच्चाए ।"

मंसिरको धान पाक्ने बेलामा पनि चमारहरुको बस्तीमा धानको बोझा देखिदैन, किनभने उनीहरुको खेत छैन । चौधरीकहाँ बनी गरेर खाने चमारहरुलाई काममा नबोलाएर झुकाउने रणनीति चौधरीहरुले अपनाएका छन् । "हामीले काममा नबोलाएपछि खान पाउँदैनन् अनि आफै खुसामद गर्न आउँछन् भनेर काममा बोलाएका छैनन्", स्थानीय युवा जुगती राम भन्छन् -"अहिले पनि उनीहरुसँग हाम्रो बोलचाल बन्द छ । आलीबाट हिड्दा पनि उनीहरुका श्रीमतीले गाली गर्छन् । हामीलाई पसलबाट सामान समेत बेच्दैनन् । "

शम्भुनाथमा पुरानो जमिन्दारी प्रथा अझै देखिन्छ । समानताको गफ गरे पनि चमारहरु काममा नबोलाएकोमा गुनासो गर्छन, तर थारुहरुको मनमा चमारहरु हाम्रा जिजुबाजेले काम गर्न ल्याएका दास हुन भन्ने भावना छ । त्यसैले उनीहरुको अस्तित्व स्वीकार्नु त परै जाओस, उल्टै पेलेर जाने मनस्थितिमा छन् । "हामीलाई उनीहरु र उनीहरुलाई हामी चाहिने हुनाले सम्बन्ध जोड्नैपर्छ," दानालाल भन्छन् । उनका भनाइमा कूटनीतिक भाषा लुकेको प्रष्ट देखिन्छ । दानालालले फेरि सम्बन्ध राम्रो हुँदै गएको त दावी गरे, तर थारुहरुले पेल्न खोजेको बुझाई चमारहरुको छ । चमारहरुका कारण हल्कडीमा समेत परिसकेका दानालाल भन्छन्-"चमारहरु पनि थारु बराबर हुनुपर्छ भनेर उनीहरुलाई उकास्न हामीले राजनीति गरेका हौ" तर भनाइ र गराईबीच भेद देखिन्छ ।

धानको थाकमा बसेर दानालालले पक्तिकारसँग यसो भनिरहँदा चमारहरु भने "थारुले धान दाउनीमा बोलाए खान पाइन्थ्यो" भन्ने भावका गुनासा सुनाइरहेका थिए । चेतना बढेकाले शोषण बुझ्ने भएका चमारहरु आफ्नो बाध्यतामा पिल्सिरहेका देखिन्थे । नयाँ मान्छे पुग्ने वित्तिकै गाउँभरिका मान्छे जम्मा भइहाल्ने त्यस बस्तीमा केही चेतना त पुगेको छ, तर सुधा चमारहरुमा साम्प्रदायिकता भड्काएर अरु नै शक्तिले राजनीतिक स्वार्थ पूर्ति गर्ने प्रयास पनि भएको आभाष हुन्छ । अहिलेको आधुनिक समाजमा पनि महेन्द्र राजमार्गबाट दुई किमिभन्दा नजिकको यस गाउँमा अठारौ शताब्दीको दासयुगको प्रत्यक्ष झलक पाइन्छ ।

- साभार : कान्तिपुर

पत्रपत्रिकामा भूमिसुधार

भूमिसुधार कार्यक्रम प्रयोगस्वरूप तीन जिल्लामा सुरु

■ विजय घिमिरे

काठमाडौं, ६ चैत

सरकारले नयाँ भूमिसुधार कार्यक्रम कार्यान्वयनका निम्ति पश्चिमका माओवादी प्रभावित तीन जिल्ला छनौट गरी प्रारम्भिक काम सुरु गरेको छ। दाङ, कैलाली र बर्दियामा प्रयोगका रूपमा नयाँ भूमिसुधार कार्यक्रम लागू गर्न जमिनको तथ्यांक लिने कार्य भइरहेको सरकारी उच्च स्रोतले पुष्टि गरेको छ। यी जिल्लामा जमिनको स्वामित्व, मोही, ऐलानी र पर्ति जमिनको विवरण लिने कार्य सुरु गरिएको हो।

सरकारले तयार गरेको नयाँ भूमिसुधार अवधारणापत्रमा पनि सुरुमा माओवादी अतिप्रभावित सुदूर र मध्यपश्चिममा कार्यक्रम केन्द्रित गर्ने उल्लेख छ। 'सुरुमा धेरै स्थानमा कार्यक्रम सञ्चालन गर्दा वित्तीय स्रोत र संस्थागत दक्षता अपुग हुने भएकाले यी दुई क्षेत्रमा मात्र कार्यक्रम केन्द्रित गर्नु उपयुक्त देखिएको हो,' अवधारणापत्रमा भनिएको छ।

कार्यक्रम सुरु भएको तीन वर्षभित्र यस क्षेत्रका २५ हजार कृषकलाई २५ हजार बिघा जमिन दिने योजना सरकारको छ। यसका लागि झन्डै २ अर्ब १० करोड रुपैयाँ खर्च हुने अनुमान पनि गरिएको छ। २०५८ को जनगणनाअनुसार यो क्षेत्रमा ७५ हजार परिवार भूमिहीन छन्।

अर्थमन्त्री डा. प्रकाशचन्द्र लोहनीले पनि प्रयोगका रूपमा प्रारम्भिक कार्य सुरु भएको पुष्टि गर्नुभयो। भूमिसुधार कार्यक्रमलाई अन्तिमरूप दिने तयारी भइरहेको पनि उहाँले जानकारी दिनुभयो। प्रमुख दातृ निकायसँग भूमिसुधार कार्यक्रमबारे छलफल भइसकेको र उनीहरूको सकारात्मक रहेको जनाउँदै उहाँले भन्नुभयो- 'प्राविधिक सहयोग दिने प्रतिबद्धतासमेत दातृ निकायले गरेका छन्।'

स्रोतका अनुसार भूमिसुधार कार्यक्रम कार्यान्वयन तीन पक्षबाट गरिने टुंगो लागेको छ। पहिलो तोकिएको निकायमार्फत बिक्री गर्न इच्छुकबाट जमिन खरिद गरी वितरण गर्ने, दोस्रो मोहीलाई जमिन खरिद गर्न दीर्घकालीन कर्जा दिने र तेस्रो ऐलानी र पर्ति जमिनको लगत राखी सुकुम्बासीलाई उपलब्ध गराउने छन्।

सुरुमा जमिन खरिद गरी भूमिहीनलाई दिने अवधारणाभाव ल्याइएको थियो। मोहीलाई जमिन खरिद गर्न रकम दिँदा द्वैध स्वामित्वको समस्या पनि हट्ने देखिएकाले यो अवधारणा थपिएको हो। यसकहेक ऐलानी र पर्ति जमिनलाई पनि सरकारले उपयोग गर्न खोजेको छ। प्रशस्त मात्रामा यस्तो जमिन रहेको सरकारी स्रोतले जनाएको छ।

सरकारले नयाँ भूमिसुधार कार्यक्रमलाई अन्तिमरूप दिने क्रममा अवधारणापत्र विज्ञहरूलाई सुझावका लागि वितरण गरेको छ। क्रान्तिपुरलाई प्राप्त अवधारणापत्रअनुसार सरकारले प्रतिहेक्टर जमिनको खरिद मूल्य सार्वजनिक गर्नेछ। यो रकम जिल्ला, नगर तथा स्थानअनुसार फरक हुनेछ।

भूमि बैंकलाई तोकिएको मूल्यमा इच्छुक व्यक्तिले जमिन बिक्री गर्ने छन्। जमिनको मूल्य ५० हजार रुपैयाँभन्दा बढी भए बिक्री गर्नेले तीन किस्तामा भुक्तानी पाउने छन्। जमिन प्राप्त गर्ने भूमिहीन परिवारले वार्षिक किस्ताबन्दीको आधारमा २० वर्षमा रकम भुक्तानी गर्नुपर्ने छ। यसमा वार्षिक पाँच प्रतिशतका दरले ब्याज पनि थप हुनेछ। जमिन प्राप्त गर्नेले पाँच वर्षपछि सबै रकम भुक्तानी गरी आफ्नो बनाउन सक्ने प्रावधान पनि राखिएको छ। तर जमिनको पूरा रकम भुक्तानी गरेपछि मात्र सम्बन्धित व्यक्तिको नाममा जग्गा हस्तान्तरण हुनेछ।

सम्बन्धित जिल्लाको भूमिहीनलाई जमिन वितरणका प्राथमिकता दिइनेछ। यसपछि मात्र अन्य जिल्लाका भूमिहीन प्राथमिकतामा पर्ने छन्। यो प्रक्रियाअनुसार जमिन खरिद-बिक्री गर्दा लाग्ने प्रचलित सम्पूर्ण सरकारी शुल्क मिनाहा हुनेछ। जमिन खरिद र बिक्री गर्दा कुनै नाफा नराखिने पनि अवधारणापत्रमा उल्लेख छ। सरकारले भूमि बैंकलगायत भूमिसुधार कार्यक्रमको सम्पूर्ण प्रशासनिक खर्च पनि बेहोर्ने छ।

यस प्रक्रियाअनुसार छुट्टै भूमि बैंक स्थापना गरी पहिलो चरणमा तीन वर्षभित्र मध्यपश्चिमका १० हजार र सुदूर पश्चिम क्षेत्रका १५ हजार गरी २५ हजार भूमिहीन परिवारलाई जमिन उपलब्ध गराउने योजना छ। यो क्षेत्रमा प्रतिबिघा जमिनको मूल्य ८५ हजार राख्दा तीन वर्षभित्र २ अर्ब रुपैयाँ आवश्यक पर्ने सरकारको अनुमान छ। वार्षिक ६६ करोड ७० लाख जमिन खरिदको लागि र तीन करोड प्रतिवर्ष प्रशासनिक खर्च हुने अनुमान गरिएको छ।

भूमि बैंक छुट्टै ऐनअनुसार गठन हुने र छरितो दक्ष समूहद्वारा सञ्चालनमा ल्याइने अवधारणापत्रमा उल्लेख छ। तीन सदस्यीय पूर्णकालीन सञ्चालक समिति हुनेछ।

२०५८ को जनगणनाअनुसार कुल परिवारमध्ये १९ प्रतिशत भूमिहीन छन्। आर्थिक रूपमा सक्रिय ६५ दशमलव १७ प्रतिशत जनसंख्या कृषिमा निर्भर छ। जमिनको प्रभावकारी उपयोग गरी कृषि उत्पादन र ग्रामीण क्षेत्रमा बस्नेको आर्य आर्जन बढाउन नयाँ भूमिसुधार कार्यक्रम ल्याउनु आवश्यक भएको अवधारणापत्रमा उल्लेख छ। दुई वर्षअघि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा सरकारले हदबन्दी न्यून गरी भूमिसुधार कार्यक्रम सार्वजनिक गरेको थियो तर त्यो सफल भएन।

जग्गा जुटाउने तीन उपाय

१. सरकारले आफैं जमिन किनी वितरण गर्ने

२. जग्गा किन्न मोहीलाई दीर्घकालीन ऋण दिने

३. ऐलानी र पर्ति जमिन सुकुम्बासीलाई उपलब्ध गराउने

भूमि बैंक गरिबमुखी हुन सक्ने कुरामा विज्ञहरूको आशंका

● नेपाल समाचारपत्र

काठमाडौं

भूमिको न्यायोचित वितरण हुन नसक्दा सिर्जिएको आम वितृष्णा नै विद्यमान द्वन्द्वको जडतत्त्व भएको तर्क राख्दै भूमि बैंक कार्यक्रम यथार्थपरक नभएको कुरामा सम्बद्ध व्यक्तिहरूले जोड दिएका छन्।

सचेत सञ्चार मञ्च, एक्सन एड नेपाल र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रद्वारा आइतवार राजधानीमा आयोजित कार्यक्रममा बोल्दै सहभागीहरूले सरकारी अवधारणा सस्तो लोकप्रियताको संकेत बनेको आरोप लगाएका हुन्।

कार्यक्रममा बोल्दै पूर्वभूमिसुधार मन्त्री जगन्नाथ आचार्यले नेपालमा भू-आश्रित वास्तविक जोताहा कृषकहरूको साटो भूमि हड्पेर बसेका जमिनदारहरूको पहुँच राज्यसत्तामा भएका कारण हालसम्म भूमिसुधार कार्यक्रम सफल हुन नसकेको टिप्पणी गर्नुभयो। उहाँको भनाइ थियो- 'सीमित व्यक्तिको हातमा रहेको जमिनलाई सामाजिक न्यायका हिसाबले वितरण गर्ने सोचलाई सफल हुन नदिने षड्यन्त्र बारम्बार भएको छ।

कार्यक्रममा कृषि अर्थशास्त्री दीपेन्द्र क्षत्रीले झूटो विवरणका आधारमा जमिन हत्याउनेहरूबाट जमिन खोसी भूमिका वास्तविक जोताहा कृषकलाई वितरण गर्नुपर्नेमा जोड दिनुभयो।

यसै गरी राष्ट्रिय योजना आयोगका सदस्य डा. हरिकृष्ण उपाध्यायले सरकारले भूमि बैंक कार्यक्रमसम्बन्धी प्रारम्भि गृहकार्य गरिरहेकाले यो अझै पूर्ण नभएको जानकारी दिनुभयो।

द्वन्द्वको मुख्य आधार भूमिमाथिको असमान स्वामित्व र वितरणको स्थिति रहेको चर्चा गर्दै द्वन्द्वविद् विष्णुराज उप्रेतीले कुनै पनि भूमिसुधारले सामाजिक समानतालाई आफ्नो प्राथमिक लक्ष्य बनाउनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा बोल्दै दलित नेता आहुतीले राज्यसत्ताको स्वरूप परिवर्तन नभएसम्म सही भूमिसुधार हुन नसक्नेमा जोड दिनुभयो।

लाखौंको संख्यामा रहेका भूमिहीन मोहीलाई जग्गा वितरण गर्न सरकारी कार्यक्रम असफल रहेको टिप्पणी गर्दै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका संयोजक जगत देउजाले भूमि बैंकबाहेक अन्य विकल्पहरू छँदाछँदै यो कार्यक्रम ल्याइनुका पछाडि षड्यन्त्र हुनसक्ने संकेत गर्नुभयो।

कार्यक्रममा भूमिसुधार तथा व्यवस्था विभागका महानिर्देशक मुक्तिनाथ शर्मा घिमिरे, एक्सन एड नेपालका अधिवक्ता दिनमणि पोखरेल, नापी विभागका महेश्वर भट्टराई, नेपाली कांग्रेसका मीनेन्द्र रिजाल, अखिल नेपाल किसान सघका उपाध्यक्ष धर्मदत्त देवकोटा, इन्सेकका हमिद अन्सारी, प्रोपब्लिकका केदार खड्का, पत्रकार महासंघका सभापति तारानाथ दाहाल, भूमिविद्हरू जगत बस्नेत, भरतकुमार पोखरेल, भरत पोखरेल, यमुना घले, राजकुमार त्रिखत्री, डा. प्रेम शर्मालगायतका वक्ताहरूले आ-आफ्ना विचार व्यक्त गर्नुभएको थियो।

सो कार्यक्रमअन्तर्गत शुरूका तीन वर्षमा ७५ हजार भूमिहीन परिवारलाई २० किस्तामा ५ प्रतिशत ब्याजदर लिने गरी जग्गा बेच्ने लक्ष्य राखिएको छ। सरकारले स्वेच्छाले जमिन बेच्न चाहने भूमिपतिहरूबाट प्रतिबिघा ८० हजारका दरले जग्गा किन्न वर्षमा २ अर्ब खर्च हुने प्रस्ताव गरेको छ।

राष्ट्रिय सञ्जालको प्रस्तावित संरचना



हाम्रा प्रकाशनहरू

१.	सिन्धुपाल्चोक मोही अभियान, प्रक्रिया अभिलेखन	रु.१५०/-
२.	नेपालको भूमि सम्बन्धी नीति, समिक्षात्मक अध्ययन, २०५९	रु.२५०/-
३.	नेपालको मोहियानी तथा हदबन्दी व्यवस्था	रु.१५०/-
४.	जोताहा किसानले थाहा पाउनैपर्ने कुरा	रु.३०/-
५.	विधायकहरुमा बेदर्तावाल मोहीहरुको अनुरोध	रु.५०/-
६.	अधिकारको खोजी (भिडियो)	व्यक्तिगत रु.५००/-संस्थागत १०००/-
७.	जनअधिकार (अडियो)	व्यक्तिगत रु.६०/- संस्थागत १००/-
८.	भूमि अधिकारका लागि वकालत	रु.५०/-
९.	नेपालमा भूमि अधिकार, अध्ययन प्रतिवेदन	अग्रेजी रु.३००/- नेपाली रु.२८०/-
१०.	रिफ्लेक्सन रिपोर्ट २००३	रु.१५०/-
११.	भूमि अधिकार तालिम, गोष्ठी सम्बन्धी प्रतिवेदन, पोष्टर, पम्पलेट, आदि ।	-
१२.	भूमि अधिकार बुलेटिन (पहिलो, दोस्रो, तेस्रो अङ्क २००३)	-
१३.	भूमि अधिकार लेखमाला	-

भूमि अधिकार सम्बन्धी यी सामाग्री आवश्यक परेमा वा भूमि अधिकार अभियानका सम्बन्धमा जानकारी चाहिएमा तलको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रकाशक

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

Community Self Reliance Centre (CSRC)

सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं

पोष्ट बक्स नं : १९७९०, फोन ४-३६०४८६

E-mail : landrights@csrcnepal.org Website : www.csrcnepal.org